गोपाल प्रसाद अर्याल
प्रमुख प्रशासकीय अधिकृत

तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन पाल्पा, प्रदेश नं ५, नेपाल
सार्वजनिक निजी साझेदारी इकाई (सानिसा इकाई)

# मनसायपत्र आह्वान सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मिति : २०७६।०७।०१)

१. तानसेन नगरपालिका अन्तर्गत तपसील बमोजिमका आयोजनाहरु सार्वजनीक निजी साझेदारी (सानिसा) मार्फत कार्यान्वयन गर्नको लागि इच्छुक तथा योग्य व्यक्ति/कम्पनी/संस्थाहरुबाट तानसेन नगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन, २०७५ को दफा १७ तथा सार्वजनिक निजी साझेदारी नियमावली, २०७५ को नियम ६ को उपनियम १ बमोजिम तोकिएका शर्तहरुको अधिनमा रहि मनसाय पत्र पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।

२. तानसेन नगरपालिकाले उल्लेखित आयोजनाहरुको कार्यान्वयन सार्वजनीक निजी साझेदारी मार्फत गर्नेछ । तानसेन नगरपालिकाको सार्वजनीक निजी साझेदारी ऐन, नियमावली तथा नीति, २०७५ अनुसार परियोजनाको डिजाईन, निर्माण तथा सञ्चालन गरिने छ । नगरपालिका, स्थानीय समुदाय तथा निजी क्षेत्रको सहभागितामा परियोजनाको सार्वजनिक निजी साझेदारी ऐन, नियमावली तथा नीतिको व्यवस्था अनुसार निजी क्षेत्रलाई निर्माण, व्यवस्थापन तथा सञ्चालनको लागि दीर्घकालिन परियोजनाको रुपमा साझेदारीको सम्झौता हुनेछ ।

३. मनसाय पत्र आव्हान सम्बन्धी कागजात तानसेन नगर कार्यपालिकाको कार्यालय, सानिसा इकाईबाट सूचना प्रकाशन भएकोले मितिले ३० (तीस) औं दिन भित्र प्रत्येक परियोजनाका लागि रकम रु. ५०००।- (पछी फिर्ता नहुने गरी) तिरी वा रा.वा.बैंक, तानसेन, पाल्पा शाखा स्थित यस कार्यालयको संचित कोष खाता नं.३०३०३०४०१८१०२ मा रकम रु. ५०००।- दाखिला गरेको सक्कल बैंक भौचर यस कार्यालयमा पेश गरी छुट्टा छुट्टै पूर्व योग्यता आह्वान पत्र खरिद गर्न सकिने छ । साथै मनसाय पत्र यस कार्यालयको वेवसाईट www.tansenmungov.np बाट डाउनलोड गरी मनसाय पत्र खरिद बापतको रकम यस कार्यालयको रा.वा.बैंक, पाल्पा शाखाको संचित कोष खाता नं.३०३०३०४०१८१०२ मा जम्मा गरी सोको सक्कले प्रति भौचर मनसाय पत्र साथ पेश गर्न सकिने छ ।

४. मनसाय पत्र खरिद गर्ने अन्तिम दिनको भोलि पल्ट (३१ औं दिन) दिनको १२:०० बजे भित्रमा मनसाय पत्र यस कार्यालयको सा.नि.सा.इकाईमा दर्ता गराउनु पर्नेछ र प्राप्त मनसायपत्रहरु कार्यालयको प्रतिनिधिहरुको रोहबरमा सोही दिनको दिउसो १:०० बजे खोलिने छ । मनसायपत्र खोल्दा मनसायपत्र दाताहरु वा निजका आधिकारिक प्रतिनिधिहरु पनि उपस्थित हुन सक्नेछन् ।

५. मनसायपत्र, मूल्याङ्कनका आधारहरु तथा साझेदारीका शर्तहरु मनसाय पत्र आव्हान सम्बन्धी कागजातमा उल्लेख गरिएको छ । मनसायपत्र आव्हान सम्बन्धी काजगतहरु यस कार्यालयको वेवसाईट www.tansenmungov.np मा रहेको र सम्बन्धीत सूचना यस कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको छ । मनसाय पत्र मूल्याङ्कनका लागि कुल एकसय अङ्कलाई पूर्णाङ्क मानी सो अङ्कलाई देहायको आधारमा विभाजन गरिने छ ।

| | | | |
|---|---|---|---|
| (क) प्राविधिक क्षमता वापत | - | ५० (पचास) | अङ्क |
| (ख) आर्थिक क्षमता वापत | - | ३० (तीस) | अङ्क |
| (ग) अनुभव वापत | - | २० (बीस) | अङ्क |

६. यस सूचनामा उल्लेख नभएका अन्य विषयहरु मनसायपत्र आव्हान सम्बन्धी कागजात तथा तानसेन नगरपालिकाको सार्वजनीक निजी साझेदारी ऐन, २०७५ तथा नियमावली, २०७५ मा उल्लेख भए अनुसार हुनेछ ।

Scanned by CamScanner

गोपाल प्रसाद ढगाले
प्रमुख प्रसासकीय अधिकृत

७. समय सीमा नाघी प्राप्त भएका तथा कुनै शर्तहरु राखी पेश भएका मनसाय पत्रहरु मान्य हुने छैनन । साथै कुनै मनसायपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८. मनसाय पत्र पेश गर्ने व्यक्ति/फर्म/संस्थाले फर्म दर्ता प्रमाण पत्र, संस्था नवीकरणको प्रमाण पत्र, कर दर्ता प्रमाण पत्र, आ.व.२०७४/०७५ को कर चुक्ताको प्रमाण पत्र र आ.व.२०७५/०७६ को कर चुक्ताको प्रमाण पत्र वा कर चुक्ताका लागि म्याद थप गरिएको पत्र लगायत आवश्यक कागजातहरुको प्रतिलिपी नोटरी पव्लिकबाट प्रमाणीत गराई मनसाय पत्रको हार्ड कोपी (Hard Copy) साथ पेश गर्नु पर्नेछ । इमेल तथा अन्य विद्युतिय माध्यमबाट प्राप्त मनसाय पत्र ग्राह्य हुने छैन ।
९. यस सम्वन्धी अन्य जानकारीको लागि यस कार्यालयका कर्मचारी श्री विष्णु पौडेल (अधिकृतस्तर सातौं तह) को मोवाइल नं.९८५७०६२५६२ वा श्री दुर्गा बहादुर थापा क्षेत्री (अधिकृतस्तर सातौं तह) को मोवाइल नं.९८५७०६०२२० तथा यस कार्यालयको सम्कर्प नं ०७५५२०९०९ मा सम्पर्क गरी वा कार्यालय समय भित्र कार्यालयमा स्वयं उपस्थित भै आवश्यक जानकारी लिन सकिने छ ।

**तपसील :**

| क्र.सं | मनसाय पत्र नं. | आयोजनाको नाम | आयोजना स्थल | कैफियत |
|---|---|---|---|---|
| १ | क/सानिसा/०७६/०७७ | हाईवे रिफ्रेसमेण्ट निर्माण, सञ्चालन तथा व्यवस्थापन योजना (Highway refreshment center) | ता.न.पा. क्षेत्र भित्र सिद्धार्थ राजमार्ग खण्ड र तानसेन तम्घास सडक खण्डको उपयुक्त क्षेत्र | |
| २ | ख/सानिसा/०७६/०७७ | फोहोरमैला व्यवस्थापन | तानसेन नगरपालिका मुख्य बजार तथा आवासीय क्षेत्र | |
| ३ | ग/सानिसा/०७६/०७७ | श्रीनगर सौन्दर्यकरण, सञ्चालन तथा व्यवस्थापन आयोजना | श्रीनगर क्षेत्र | तानसेन नगरपालिकाले तोकेको स्थानहरु |
| ४ | घ/सानिसा/०७६/०७७ | वातावरण मैत्री बसपार्क | बनदेवी क्षेत्र, तानसेन न.पा.वडा नं.५ | |
| ५ | ङ/सानिसा/०७६/०७७ | रानीमहल सञ्चालन तथा व्यवस्थापन | रानीमहल क्षेत्रको गुरु योजना बमोजिम | पुरातत्व विभागसंगको सहमतिको अधिनमा रहि गर्ने |
| ६ | च/सानिसा/०७६/०७७ | नगर यातायात सेवा संचालन | तानसेन चक्रपथ, तानसेन देखि रानीमहल, र अन्य उपयुक्त गन्तब्यहरुमा | |
| ७ | छ/सानिसा/०७६/०७७ | बुद्धमूर्ति स्थापनाद्वारा पर्यटन प्रवर्द्धन तथा विकास योजना (BIG Buddha) | श्रीनगर, तानसेन न.पा.वडा नं. ३ | तानसेन नगरपालिकाले तोकेको क्षेत्र |
| ८ | ज/सानिसा/०७६/०७७ | कोकलदेवी क्षेत्र विकास, सञ्चालन तथा व्यवस्थापन | तानसेन ८, कोकलछाप पाल्पा | |

प्रमुख प्रशासकीय अधिकृत
तानसेन नगर कार्यपालिकाको कार्यालय, पाल्पा
गोपाल प्रसाद ढगाले
प्रमुख प्रसासकीय अधिकृत

Scanned by CamScanner